श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३० सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐनलाई संशोधन गर्न बनको ऐन

प्रस्तावना:– गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "गैर सैनिक हवाई उडान (सिभिल-एभिएशन) (दोस्रो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यस ऐनको दफा ४ श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल ऐनको दफा ३ मा संशोधन:– (१) मूल ऐनको दफा ३ को उप-दफा (२) को खण्ड (ढ) र (ब) को सट्टा देहायको खण्ड (ढ) र (ब) राखिएको छ:–

"(ढ) हवाई अड्डामा वायुयानले प्रवेश गर्दा कुनै किसिमले बाधा नहुने गर्न हवाई अड्डाको आसपास वा हवाई मार्गमा वा निर्धारित सीमाभित्र पर्ने जग्गामा कुनै भवन, घर, टहरा, टावर, लट्ठा इत्यादि बनाउँदा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा खडा गर्दा पालन गर्नु पर्ने शर्त बन्देज तोक्ने वा तोकिएको उचाई-भन्दा बढीको भवन, घर, टहरा, टावर, लट्ठा, रूख वा अन्य कुनै कुराको निर्माण गर्न वा खडा गर्न उचाई बढाउनमा प्रतिबन्ध लगाउने वा भइरहेको त्यस्तो भवन, घर, टहरा, टावर, लट्ठा, रूख इत्यादिलाई पूरै वा केही भत्काउन, उखेल्न वा काट्न लगाउने,

(ब) वायुयानको खोज तलास तथा उद्धार कार्य संचालन गर्ने ।"

(२) मूल ऐनको दफा ३ को उप-दफा (२) को खण्ड (ब) पछि देहायको खण्ड (भ) थपिएको छः–

"(भ) यस उप-दफामा लेखिएका कुराहरूलाई सहायक हुने वा आकस्मिक अरू कुनै कुरा ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) कुनै व्यक्तिले उप-दफा (१) अन्तर्गत निकालिएको आदेशको पालन नगरेमा वा त्यस्तो आदेशको उल्लङ्घन हुने कुनै काम कारवाई गरेमा निजलाई तीन वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।"

४. मूल ऐनको दफा ६ पछि थपः– मूल ऐनको दफा ६ पछि देहायका दफा ६क., ६ख., ६ग., ६घ., ६ङ., ६च., ६छ., ६ज., र ६झ. थपिएको छ ।

"६क. वायुयान वा हवाई उडानको सुरक्षा विरुद्धको अपराध र सजायः– (१) देहायको कुनै कामकारवाई देहायको अपराध ठहर्छः–

(क) उडानमा रहेको वायुयानभित्र कसैले गैर कानूनी रूपले बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा अरू कुनै प्रकारको डर–त्रास देखाई वायुयानलाई कब्जामा लिएमा वा त्यसउपर नियन्त्रण प्रयोग गरेमा वायुयानको गैर कानूनी कब्जा र अपहरणको अपराध,

(ख) उडानमा रहेको वायुयानभित्र कुनै व्यक्ति विरुद्ध हिंसात्मक काम-कारवाई गरेमा, यदि सो कामकारवाईले वायुयानको सुरक्षामा खतरा हुने सम्भावना छ भने, हवाई उडानको सुरक्षा विरुद्धको अपराध,

(ग) सेवामा संचालित वायुयानलाई नष्ट गरेमा वा त्यस्तो वायुयानलाई उडानको लागि अक्षम बनाई वा उडानमा त्यसको सुरक्षामा खतरा हुने सम्भावना पारी क्षति पारेमा हवाई उडानको सुरक्षा विरुद्धको अपराध,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सेवामा संचालित वायुयानमा जुनसुकै उपायद्वारा कुनै साधन (डेभाइश) वा वस्तु राखेमा वा राख्न लगाएमा जुन साधन वा वस्तु राख्दा खण्ड (ग) बमोजिम सो वायुयान नष्ट वा उडानको लागि अक्षम हुने वा उडानमा त्यसको सुरक्षामा खतरा पर्ने सम्भावना हुन्छ भने वायुयानको सुरक्षा विरुद्धको अपराध,

(ङ) भूमिस्थ वायुयान वा हवाई परिवहनसम्बन्धी सुविधा (फेसिलिटिज) हरू नष्ट गरेमा वा त्यसलाई क्षति पुर्‍याएमा वा तिनको संचालनमा हस्तक्षेप गरेमा हवाई उडानको सुरक्षा विरुद्धको अपराध,

(च) असत्य भन्ने जानी कुनै सूचनाको संचार गरी उडानमा रहेको वायुयानको सुरक्षामा खतरा पैदा गरेमा हवाई उडानको सुरक्षा विरुद्धको अपराध ।

(२) उप-दफा (१) बमोजिमको अपराधको उद्योग गर्नु, सो अपराध गर्न वा अपराधको उद्योग गर्नमा मतियार हुनु पनि यस दफा अन्तर्गतको अपराध मानिनेछ ।

(३) (क) वायुयानको गैर कानूनी कब्जा र अपहरणको अपराध गर्नेलाई जन्म कैद, उद्योग गर्ने वा मतियार हुनेलाई जन्म कैद वा पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद,

(ख) हवाई उडानको सुरक्षा विरुद्ध अपराध गर्नेलाई जन्म कैद वा पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद, उद्योग गर्ने वा मतियार हुनेलाई जन्म कैद वा दश वर्षदेखि बीस वर्षसम्म कैद ।

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो अपराधको फलस्वरूप वायुयानमा बस्ने अरू कसैको मृत्यु भएमा वा वायुयान नै ध्वस्त भएमा अपराध गर्नेलाई जन्म कैद र मतियारलाई जन्म कैद वा पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ र अपराधी र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।

६ख. उडानमा रहेको वा सेवामा संचालित वायुयानः–

(क) सबै चढिसकेर सबै बाहिरी ढोकाहरू बन्द गरेको समयदेखि ओर्लनको निमित्त त्यस्तो कुनै ढोका खोल्ने समयसम्म कुनै वायुयान उडानमा रहेको मानिनेछ ।

तर संकटकालीन अवतरणका हकमा अधिकार प्राप्त अधिकारीले वायुयान र त्यसमा रहेका यात्रु र मालसामानको उत्तरदायित्व नलिए-सम्म सो वायुयान उड़ानको अवस्थामा नै रहेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कुनै खास उडानको लागि भूमिस्थ कर्मचारी (ग्राउण्ड परशोनेल) वा चालक दलद्वारा वायुयानको उडान पूर्वको तैयारी प्रारम्भ गरेदेखि अवतरण गरेको चौबीस घण्टासम्म कुनै वायुयान सेवामा संचालित रहेको मानिनेछ। त्यस्तो सेवामा संचालित अवधि जुनसुकै अवस्थामा पनि खण्ड (क) बमोजिमको उडान अवधिभर पनि कायम रहेको मानिनेछ।

९ग. दफा ९क. लागू हुने अवस्थाः– देहायको अवस्थामा दफा ९क. को व्यवस्था लागू हुनेछः–

(१) अन्तर्राष्ट्रिय वा आन्तरिक जुनसुकै उडानमा वायुयान उपयोग (एनगेज) भएकोमा,

तर नेपाल बाहेक अन्य राष्ट्रमा दर्ता भएको वायुयानका हकमा देहायको अवस्था हुनुपर्छः–

(क) उडान गर्ने वा अवतरण गर्ने वास्तविक वा इच्छित स्थान दर्ताको राष्ट्रबाहिर भए वा

(ख) दर्ताको राष्ट्रभन्दा बाहिर अपराध भए।

(२) हवाई परिवहनसम्बन्धी सुविधा (फेसिलिटिज) विरुद्धको अपराध भएकोमा।

तर विदेशी राष्ट्र स्थित त्यस्तो सुविधा (फेसिलिटिज) भए त्यस्तो सुविधा अन्तर्राष्ट्रिय उडानको लागि प्रयोग गरिएको हुनुपर्छ।

९घ. अधिकार क्षेत्रः– देहायको कुनै अवस्थामा दफा ९क. अन्तर्गतको अपराधउपर नेपाल अधिराज्यको अदालतको अधिकार क्षेत्र हुनेछः–

(१) (क) नेपाल अधिराज्यभित्र यस ऐनबमोजिमको अपराध भएकोमा,

(ख) नेपालमा दर्ता भएको वायुयानमा वा सो विरुद्ध अपराध भएकोमा,

(ग) वायुयानभित्र अपराध भएको वायुयान अभियुक्तसाथ नेपाल अधिराज्य-भित्र अवतरण गरेकोमा।

(घ) नेपाल अधिराज्यभित्र कारोवारको मुख्य स्थान भएको वा नेपाल अधिराज्यभित्र त्यस्तो मुख्य स्थान नभएकोमा पनि नेपाल अधिराज्य-भित्र वासस्थान भएको व्यक्तिलाई चालकविहीन पट्टामा दिएको वायुयानमा वा त्यसको विरुद्ध अपराध भएकोमा।

(२) उप-दफा (१) मा लेखिएको अवस्था बाहेक दफा ९क. अन्तर्गतको अपराध अन्यत्र जहाँसुकै भए पनि यदि त्यस्तो अपराधको अभियुक्त नेपाल अधिराज्यभित्र छ भने र त्यस्तो अभियुक्तलाई यो ऐन वा नेपाल पक्ष भएको सपुर्दगी सन्धिबमोजिम सपुर्दगी गरिंदैन भने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९ङ. गिरफ्तार गर्ने अधिकारः– (१) दफा ९क. अन्तर्गतको अपराध भएमा वा हुन लागेमा अपराधी वा अभियुक्तलाई हवाई अड्डाको अधिकारीहरू, वायुयानका चालकहरू वा सम्बन्धित हवाई यातायात सेवाका अधिकारीहरूले अपराध भएको वा हुन लागेको देख्ने वा अपराधी वा अभियुक्त यो व्यक्ति हो भन्ने विश्वास लिने कारण भई विश्वास लिने जुनसुकै व्यक्ति, प्रहरी वा शाही सेनाका जवान वा सुरक्षा अधिकारी वा जोसुकैले पक्राउ गर्न सक्नेछ र निजहरूले पक्राउ गरेपछि तुरुन्त प्रहरीलाई बुझाई दिनुपर्छ ।

तर त्यस्तो अपराधी वा अभियुक्तलाई पक्राउ गर्दा यात्रु वा अन्य व्यक्तिहरूको जीवनको खतरा हुने भएमा वा वायुयान वा हवाई परिवहन सुविधा (फेसिलिटिज) मा ठूलो क्षति पुग्ने आसन्न स्थिति भएमा प्रहरी र सुरक्षा अधिकारी बाहेक अरूले भए प्रहरी वा सुरक्षा अधिकारीको अनुमतिले मात्र पक्राउ गर्ने कारवाई गर्नु पर्नेछ।

(२) उप-दफा (१) बमोजिम हवाई अड्डाको अधिकारीहरू, प्रहरी, सुरक्षा अधिकारीहरूले पक्राउ गर्न शसस्त्र प्रहरी, सुरक्षा अधिकारी र शाही सेना वा अन्य सरकारी र गैर सरकारी व्यक्तिको मद्दत् माग्न सक्नेछ र त्यस्तो मद्दत् मागेमा मद्दत् दिनु त्यस्ता सबैको कर्तव्य हुनेछ ।

(३) यस दफा बमोजिम पक्राउ परेको अपराधी वा अभियुक्त यदि विदेशी राष्ट्रको नागरिक भए निजलाई आफ्नो मुलुकको नजिकको उपयुक्त प्रतिनिधिसंग सम्पर्क स्थापित गर्ने मौका र सहयोग दिनुपर्नेछ र साथै त्यस्तो पक्राउको खबर र अन्य प्रारम्भिक जाँचबुझ गरी सकेपछि त्यस्तो जाँचबुझको ठहर र यस ऐनको अधिकार क्षेत्र प्रयोग गर्ने वा नगर्ने बारे समेतको जानकारी सम्बन्धित राष्ट्रहरूलाई दिनुपर्छ ।

९च. अपराधी वा अभियुक्तलाई सपुर्दगी गर्न सक्नेः– (१) दफा ९क. बमोजिमको अपराध गर्ने व्यक्ति गैर नेपाली नागरिक भए र त्यस्तो व्यक्तिको सपुर्दगीको लागि आफ्नो क्षेत्रमा वा आफ्नो दर्ताको वायुयान विरुद्ध अपराध भएको राष्ट्रले माग गरेमा सपुर्दगी ऐन, २०२० मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई श्री ५ को सरकारले सपुर्दगी गर्न सक्नेछ र त्यसरी सपुर्दगी नगरिएको अवस्थामा त्यस्तो व्यक्तिलाई सजाय गराउन नेपालको अदालतमा मुद्दा चलाइनेछ ।

(२) सपुर्दगी गर्ने सम्बन्धमा दफा ९क. अन्तर्गतको कुनै अपराधलाई जुनसुकै स्थितिको व्यक्तिबाट जुनसुकै उद्देश्यले भए गरेको भए पनि राजनैतिक अपराध मानिने छैन ।

९छ. वायुयानको कब्जा फिर्ता दिने र उडान गर्न दिनेः– दफा ९क. को उप-दफा (१) को खण्ड (क) अन्तर्गत गैर कानूनी कब्जा वा अपहरण भई कुनै वायुयान नेपाल अधिराज्य-को कुनै हवाई अड्डा वा स्थानमा अवतरण भएमा त्यस्तो वायुयानउपर कानूनी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार भएको कमाण्डर वा हवाई यातायात सेवाका अधिकारीलाई पुनः कब्जामा दिलाइनेछ र यथासम्भव चाँडै त्यस्तो वायुयानलाई आफ्नो चालक, यात्रु र माल-सामान सहित जहाँबाट उडान गरी आएको हो त्यस ठाउँमा वा जहाँको लागि उडान गरिएको थियो त्यस ठाउँमा जान बिना कुनै अवरोध उडान गर्न दिइनेछ ।

९ज. अन्य नेपाल कानून अन्तर्गतको अधिकार क्षेत्रः– दफा ९क. अन्तर्गतका अपराधको सजाय र कारवाहीको हकमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो प्रचलित कानूनबाट प्राप्त फौज्दारी अधिकार क्षेत्रको प्रयोगलाई बाहेक वा सीमित गरेको मानिने छैन ।

९झ. हवाई सेवामा अनधिकृत हस्तक्षेप रोकथाम गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताको मान्यताः– (१) श्री ५ को सरकारले देहायको कुनै सम्झौता (कन्भेन्शन) को पक्ष भएमा त्यस्तो सम्झौता, सो सम्झौता नेपाल अधिराज्यमा लागू हुने मिति र त्यस्तो सम्झौतालाई कार्यान्वयन गर्ने सिलसिलामा आवश्यक पर्ने अन्य कुराहरू समेत उल्लेख गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

(क) सन् १९६३ मा टोकियोमा सम्पन्न भएको वायुयानभित्र गरेको कसूर र अन्य कार्यसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (कन्भेन्शन अन अफेन्सेज एण्ड सर्टेन अदर एक्ट्स कमिटेड अन बोर्ड एयरक्राफ्ट, टोकियो १९६३)

(ख) सन् १९७० मा हेगमा सम्पन्न भएको वायुयानको गैर कानूनी कब्जाको दमनसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (कन्भेन्शन फर द सप्रेशन अफ अनलफूल सिजर अफ् एअरक्राफ्ट, हेग, १९७०)

(ग) सन् १९७१ मा मन्ट्रियलमा सम्पन्न भएको गैर सैनिक हवाई उडानको सुरक्षाको विरुद्ध गरिने गैर कानूनी कारवाईको दमनसम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता (कन्भेन्शन फर द सप्रेशन अफ् अनलफूल एक्ट्स अगेन्स्ट द सेफ्टी अफ् सिभिल एभिएशन, मन्ट्रियल, १९७१)

(२) उप-दफा (१) बमोजिम जारी गरिएको आदेश यसै ऐनमा परे सरह मानिनेछ ।"

५. मूल ऐनको दफा १० पछि थपः– मूलऐनको दफा १० पछि देहायको दफा १०क. र १०ख- थपिएको छः–

"१०क. निषिद्ध क्षेत्रमा इजाजत नलिई प्रवेश गर्नेलाई सजायः– (१) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको कुनै हवाई अड्डाको तोकिएको क्षेत्रलाई निषिद्ध क्षेत्र घोषित गर्न सक्नेछ र त्यसरी घोषित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएपछि सो निषिद्ध क्षेत्रको वरिपरि सर्वसाधारणको आवागमन हुने मुख्य मुख्य ठाउँमा त्यस्तो सूचना प्रदर्शन गरी राख्ने जिम्मेवारी सम्बन्धित हवाई अड्डाको प्रमुख अधिकारीको हुनेछ ।

(२) सम्बन्धित हवाई अड्डाको प्रमुख अधिकारीको इजाजत प्राप्त नगरी कुनै व्यक्तिले उप-दफा (१) बमोजिमको निषिद्ध क्षेत्रभित्र प्रवेश गर्न हुँदैन ।

तर सम्बन्धित हवाई अड्डाको प्रमुख अधिकारीले उचित ठहराई कुनै समयमा केही अवधिको लागि त्यस्तो क्षेत्रभित्र सर्वसाधारणलाई आवागमन गर्न दिने गरी सूचना प्रदर्शन गरेको भए यस उप-दफाको प्रयोजनको लागि सो समयमा त्यस्तो निषिद्ध क्षेत्रभित्र प्रवेश गर्न इजाजत प्राप्त भएको मानिनेछ ।

(३) उप-दफा (२) को विपरीत निषिद्ध क्षेत्रभित्र प्रवेश गर्ने व्यक्तिलाई सम्बन्धित हवाई अड्डाको प्रमुख अधिकारीको आदेशले दुईसय रुपैयाँसम्म जरिवाना हुन सक्नेछ ।

१०ख. यात्रु वा अरू कुनै व्यक्तिको शरीर वा मालसामानको खानतलासी लिने:– (१) दफा ९क. अन्तर्गतका अपराध हुनबाट बचाउ गर्नको लागि कुनै हवाई अड्डाको प्रमुख अधिकारी वा सो कामको लागि अख्त्यार प्राप्त कर्मचारी वा प्रहरी वा सुरक्षा अधिकारीले उडानको लागि तैयार भएको कुनै वायुयानमा चढ्नु अगाडि वा चढी सकेपछि यात्रुहरूको शरीर र तिनका मालसामानको खानतलासी लिन सक्नेछ र त्यस्तो खानतलासी लिंदा कुनै वैज्ञानिक साधन र उपकरणको पनि प्रयोग गर्न सकिनेछ ।

यस्तो खानतलासी सो वायुयानको चालकहरू र सो उडानको व्यवस्था गर्ने प्रयोजनको लागि वायुयानमा चढ्ने वा सो छेउ जाने सो हवाई यातायात सेवाका अधिकारीहरू लगायत सबै कामदारहरूको पनि गर्न सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम खानतलासी गराउनबाट इन्कार गर्ने यात्रु वा व्यक्तिलाई सो वायुयानमा चढ्न वा सोछेउ जान नदिन सकिनेछ ।

(३) उप-दफा (१) बमोजिम यात्रुहरू र चालकहरूको खानतलासी गर्दा कुनै बन्दूक (सबै प्रकारको), सक्कली बन्दूक जस्तो देखिने वा भ्रम पर्ने नक्कली बन्दूक, बन्दूक बाहेक अन्य घातक हतियार (तरवार, खुकुरी, छुरा लगायत) वा विष्फोटक पदार्थ (बम, ग्रिनेड, गोली, बारूद लगायत) बरामद भएमा देहायबमोजिम गर्नुपर्छः–

(क) त्यस्तो बन्दूक वा विष्फोटक पदार्थ अवैध भए सो यात्रु वा व्यक्तिलाई रोकी कानूनी कारवाईको लागि प्रहरी जिम्मा लगाई दिने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) यस्तो बन्दूक नक्कली बन्दूक, अन्य घातक हतियार वा विष्फोटक पदार्थ अवैध नभए पनि सोधपूछ गर्दा पनि जानकारी नदिई लुकाई छिपाई राख्ने वा लग्ने प्रयत्न गरेकोमा हवाई अड्डाको प्रमुख अधिकारी वा सो कामको लागि अख्त्यार प्राप्त कर्मचारी वा प्रहरी वा सुरक्षा अधिकारीले उचित ठहराएबमोजिम सो सक्कली वा नक्कली बन्दूक, घातक हतियार वा विष्फोटक पदार्थलाई वायुयानको प्रमुख चालक (कमाण्डर) जिम्मा लगाई पठाउन वा त्यसलाई रोकी सो यात्रु वा चालकलाई मात्र जान दिन वा सो यात्रु वा चालकलाई समेत रोकी आवश्यक जाँचबुझ गरी कुनै अपराधिक मनसाय नदेखिए-को कुरामा आफू सन्तुष्ट भएमा मात्र सो यात्रु वा चालकलाई जान वा सो बन्दूक हतियार विष्फोटक पदार्थलाई लैजान दिनेछ ।

(४) कुनै व्यक्तिले दफा ९क. अन्तर्गतको वा अन्य प्रचलित नेपाल कानून अन्तर्गतको फौज्दारी अपराध गर्ने हेतुले कुनै प्रकारको बन्दूक, नक्कली बन्दूक,घातक हतियार वा विष्फोटक पदार्थ लिई हवाई अड्डा वा त्यसको कुनैनिषिद्ध क्षेत्रभित्र प्रवेश गरेको छ वा गर्न लागेको छ भन्ने जानकारी प्राप्त भएमा वा शंका गर्नुपर्ने कारण भएमा हवाई अड्डाको प्रमुख अधिकारी वा निजबाट त्यस कामको लागि अख्त्यार प्राप्त कर्मचारी वा सुरक्षा अधिकारी वा हवाई अड्डाको सुरक्षाको लागि तैनाथ गरिएको प्रहरी वा सैनिक अधिकारीले बिना वारेन्ट त्यस्ता व्यक्तिको शरीर र निजको साथमा रहेको मालसामानको खानतलासी लिन सक्नेछ र त्यस्तो बन्दूक, अन्य हतियार वा विष्फोटक पदार्थ बरामद भएमा आवश्यक जाँचबुझ गरी कारवाई गर्न प्रहरी जिम्मा लगाई दिनेछ ।

(५) आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै कर्मचारीले असल नियतले कसैलाई यो दफा बमोजिम वायुयानमा चढ्न वा सोछेउ वा हवाई अड्डाको कुनै निषिद्ध क्षेत्रमा कसैलाई जान नदिंदा वा रोक्दा वायुयानको उडान समयमा ढिलाई भएमा वा कुनै क्षति भएमा पनि त्यसको लागि सो कर्मचारीको कसैप्रति कुनै कानूनी दायित्व हुने छैन ।"

६. मूल ऐनको दफा १२ मा संशोधनः– मूल ऐनको दफा १२ को सट्टा देहायको दफा १२ राखिएको छः–

"१२. मुद्दा हेर्ने अधिकारी र मुद्दाको कारवाईः– (१) यस ऐन अन्तर्गतको मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार स्थानीय जिल्ला अदालतलाई हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मुद्दाको किनारा लगाउँदा जिल्ला अदालतले दफा ३ को उप-दफा (२) को खण्ड (ट) वा (थ) अन्तर्गत बनको नियम बमोजिमको कसूर र दफा ४ को उप-दफा (१) को आदेश बर्खिलाप गरेको कसूरसित सम्बन्धित वायुयान वा पदार्थ वा दुबै जफत गरी श्री ५ को सरकार लाग्ने गरी आदेश दिन सक्नेछ।

(३) दफा ९क. अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्दा जिल्ला अदालतले नेपाल विशेष अदालत ऐन, २०१३ बमोजिमको कार्य प्रणाली अपनाउनेछ।

(४) उप-दफा (१) वा (२) बमोजिम जिल्ला अदालतले गरेको निर्णय उपर पैंतीस दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ।"

७. मूल ऐनको दफा १२ पछि थपः– मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः–

"१२क. विशेष अदालत गठन गर्न सकिने:– दफा १२ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९क. अन्तर्गतको कसूर गरेमा त्यस्तो कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्न श्री ५ को सरकारले नेपाल विशेष अदालत ऐन, २०१३ अन्तर्गत विशेष अदालत गठन गर्न सक्नेछ।"

८. मूल ऐनको दफा १४ पछि थपः– मूल ऐनको दफा १४ पछि देहायको दफा १४क. थपिएको छः–

"१४क. श्री ५ को सरकार वादी हुने:– दफा ९क. अन्तर्गतको मुद्दामा श्री ५ को सरकार वादी हुनेछ।"

९. मूल ऐनको दफा १६ मा संशोधनः– मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ :–

"१६. ऐन लागू नहुने:– श्री ५ महाराजाधिराजको निजी वायुयान वा श्री ५ को सरकार वा शाही सेनाको वायुयानको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निकालिएको कुनै आदेशको कुनै कुरा लागू हुने छैन।"

लालमोहर सदर मिति– २०३०।५।१५।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2560